मिति :२०६८।०८।०४

## उच्चगतिको इन्टरनेट सेवाको गुणस्तर अभिवृद्धि सम्बन्धी प्रेस विज्ञप्ती

# प्रेस विज्ञप्ती

नेपाल टेलिकमले सुलभ दरमा उच्चगतिको इन्टरनेट सेवा (Broadband Internet Service) प्रदान गर्ने उद्देश्यका साथ शुरु गरेको ADSL सेवाको गुणस्तर अभिवृद्धिका लागि यसको क्षमता वृद्धि गर्ने प्रक्रिया अन्तिम चरणमा पुगेको छ ।

कम्पनीले ADSL सेवाको बढ्दो लोकप्रियतासँगै यसको संख्यात्मक विस्तार र गुणस्तर अभिवृद्धिका साथै यस सेवाका लागि प्रयोग हुने Broadband Remote Access Server (BRAS) काठमाण्डौं उपत्यका र देशका अन्य प्रमुख शहरहरुमा अलग-अलग जडान गर्ने कार्य शुरु गरेको छ । त्यसक्रममा काठमाडौ उपत्यका बाहिर हेटौडामा जडान कार्य सम्पन्न गरिसकिएको छ भने विराटनगर र बुटवलमा उपकरण जडान प्रक्रियामा रहेको छ ।

हाल ADSL सेवाका ग्राहक संख्याको वृद्धिदर र प्रयोगदर अपेक्षा गरेभन्दा निकै बढी पाइएकोले यस तथ्यांकको समेत विश्लेषण गरी १:१ को दरमा अर्थात सबै ग्राहकले एकैपटक आबद्ध भई (connect गरेर) प्रयोग गर्न सक्ने डिजाइन गरेर उपकरण थप्ने प्रक्रिया शुरु गरिएको छ ।

हाल कम्पनीको ADSL लाइन क्षमता जम्मा १ लाख ७९ हजार ३८४ रहेकोमा १ लाख ४५ हजार ६५४ लाइन जडान सम्पन्न भइसकेको छ । यी मध्ये करीब १ लाख लाइन ADSL सेवा वितरण भएको छ र ७० हजार सक्रिय ग्राहक रहेकाछन् । यसका साथै NGN प्रणाली अन्तर्गत आगामी १ वर्षभित्रमा थप ५३ हजार ADSL लाइन जडान गरी वितरण गर्नका लागि कम्पनीले आवश्यक तयारी गरिरहेको छ ।

ग्राहकहरुलाई यथाशक्य सहुलियत दरमा गुणस्तरीय सेवा उपलब्ध गराउने कम्पनीको नीति अनुसार मर्मत कार्यलाई अझ प्रभावकारी बनाउनका लागि ग्राहक सेवा केन्द्र स्थापना गरी कार्य प्रारम्भ गरिएको छ । यसबाट ग्राहकहरुको गुनासो व्यवस्थापन गर्न थप सहयोग पुग्नेछ ।

नेपाल टेलिकमले ADSL प्रविधिबाट हाल द्रूत गतिको इन्टरनेट सेवा मुलुकका ७५ वटै जिल्लाका ३९० स्थानबाट वितरण गरिरहेको छ ।

कम्पनीसँग हाल करिब 10Gbps को National IP Backbone र 3.2Gbps को International Bandwidth रहेको छ । साथै International Bandwidth क्षमता थप गरेर 4.2Gbps बनाउने प्रक्रिया अघि बढाई सकिएको छ । आगामी वर्ष यो क्षमतालाई 10Gbps पुऱ्याउने लक्ष्य रहेको छ । यसका साथै Domestic Internet Bandwidth क्षमता 40Gbps पुऱ्याउनका लागि उपकरण जडान कार्य भइरहेको छ । यसबाट ADSL लगायत सबै इन्टरनेट सेवाहरु सस्तो र गुणस्तरीय हुने छ ।

सुरेन्द्र प्रसाद थिके

प्रवक्ता

नेपाल टेलिकम